# गलकोट बहुमुखी क्याम्पसको अपिल

ॐ

श्री गणेशाय नम:

ॐ नमो भगवते बासुदेवाय

विद्या नाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनं,

विद्या भोगकरी यशः सुखकरी, विद्या गुरुणां गुरु ।

विद्या बन्धुजनो विदेशगमने, विद्या परं दैवतं

विद्या राजसु पुज्यते न हि धनं विद्याविहीन पशु ॥

शिक्षा व्यक्ति, समाज र राष्ट्रको सर्वाङ्ग्रीण विकासको मूल आधार हो, शिक्षा समय, परिस्थिति र विश्व परिवेश अनुसार परिवर्तनशील हुन्छ । शिक्षा नयाँ नयाँ खोज अन्वेषण गर्दै अग्रगतिमा अग्रपथमा हिँड्छ। शिक्षालाई फुलाउन फैलाउनको लागि यस गलकोट क्षेत्र तत्कालीन मध्यकालीन गण्डकी प्रदेशको चौबीसे राज्य अन्तर्गतको गलकोट राज्यमा सबैभन्दा पहिलो विद्यालयका रूपमा वि. सं. २००५ सालमा गौमुखी प्राथमिक पाठशाला स्थापना भएको थियो । यसै पाठशालाले आफ्नो स्तरवृद्धि गर्ने क्रममा आफूलाई उच्च माध्यमिक विद्यालय तहमा पुर्याएको छ भने यसै विद्यालयको सक्रियता मा वि. सं. २०६१ सालमा गलकोट बहुमुखी क्याम्पसको स्थापना भएको थियो र सो क्याम्पस गलकोट उच्च माध्यमिक विद्यालयको भवनमा सञ्चालन भएको थियो ।

यस क्याम्पसलाई दीर्घ कालीन रुपमा आफ्नै स्वामित्वमा सञ्चालन गर्नकोलागि वि. सं. २०६१ सालफागुन १४ गतेदेखि २२ गतेसम्म वाचन शिरोमणि पण्डित नारायणप्रसाद पोख्रेलको प्रमुख वाचकत्वमा आर्थिक अभियान स्वरूप लगाइएको विश्व शान्ति धन-धान्याचल ज्ञान महायज्ञमा नगद र जिन्सी स्वरूपरु. १ करोड ५० लाख र २५ लाख बराबरको जग्गा प्राप्त भएको थियो । त्यही दान चन्दा वापत प्राप्त भएको रकमले सोही जग्गामा क्याम्पसको भवन स्थापना भएको छ र केही रकम क्याम्पसको गुणस्तर बृद्धिमा लगाइएको छ । गत सालसम्म गलकोट माध्यमिक विद्यालय र गलकोट बहुमुखीक्याम्पस एउटै कम्पाउण्डमा सञ्चालन भइरहेका थिए ।

अहिले गलकोट माध्यमिक विद्यालयमा नमूना विद्यालय विकास कार्यक्रमका भवनहरू बन्दै गएका र विद्यार्थी संख्या बढ्दै गएकाले स्कुल र क्याम्पस एकै ठाउँमा सञ्चालन हुँदा दुवै पक्षलाई

अप्ठ्यारो पर्न गयो। यसलाई क्षणिक वा अ ल्पकालीन समाधानको लागि मध्य पहाडी लोकमार्गको बायाँपट्टि ह टिया बजारमा रहेको विद्यालयको पहिलो मूल भवनमा एकलौटी रूपमा क्याम्पसलाई सञ्चालन गरिएको छ र विद्यालयलाई मध्य पहाडी लोकमार्गको दायाँपट्टि सारिएको छ। यहाँ क्याम्पस अहिलेको अवस्थामा सञ्चालन गर्न सहजै भएको छ। तर, अहिले नेपाल सरकार विश्व विद्यालय अनुदान आयोगले निर्धारण गरेको गुणस्तर सुनिश्चतता तथा प्रत्यायन ( Quality Assurance and Accreditation - QAA) कार्यक्रममा जानुपर्ने र जान नसके वा नगएमा सन् २०२६ भित्रमा यो क्याम्पस अन्य क्याम्पसमा वि लय हुने वा क्याम्पस नै नरहने तीतो यथार्थ ग लकोटको लागि सही नसक्नु पीडादायक हुनेछ। यसको लागि गलकोट बहुमुखी क्याम्पसले वि. सं. २०७८ सालदेखि आवश्यक कागजातसहित लगातार प्रस्ताव विश्व विद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरमा पेश गरिरहेको छ र विश्व विद्यालय अनुदान आयोगबाट यस क्याम्पसले **'आशय पत्र '** (Letter of intent L0I) प्राप्त गरिसकेको छ र अहिले Self Study Report (SSR) बुझाइसकिएको छ। अब यदि यो क्याम्पसले QAA प्राप्त गर्न सकेन र क्याम्पस खारेज हुने अवस्थामा पुग्यो भने अहिले यो क्याम्पसको नाममा रहेको जग्गा र अन्य शैक्षिक सामग्री, नगद, जिन्सी बैङ्कको खाता समेत सबै त्रिभुवन विश्व विद्यालयको नाममा जानेछ। अव यो अवस्था नल्याउनको लागि हामी सबै गलकोटबासीहरू, गलकोट क्षेत्रमा रहेका स्थानीय सरकारहरू मिलेर कम्तिमा २० देखि ३० रोपनीसम्म जा ग्गा गलकोट नगरपालिका भित्रका पायक पर्ने स्थानमा गलकोट बहुमुखी क्याम्पसको नाममा जग्गा व्यवस्थापन गरी भौतिक संरचना निर्माण गर्दै यस गलकोट बहुमुखी क्याम्पसको स्तरवृद्धि गर्ने र समयसापेक्षित विश्व परिवेश अनुरूपका B.Sc. Ag., BHM, BIT. BBA, BCA. 3 year's Bachelor in CTEVT जस्ता प्राविधिक संकायहरू, स्वरोजगारमूलक विषयहरू सञ्चालन गनुपर्ने टड्कारो आवश्यकता देखिएको छ।

यो क्याम्पसमा अध्ययन गरेका विद्यार्थीह रूविदेशमुखी भएर विदेश पलायन हुनुभन्दा स्वरोजगारमूलक पढाइ पढेर, रोजगारमूलक सीप सिकेर यहीँ हाम्रै मातृभूमिमा कर्मशी ल उद्योगी बन्न सकून्।हाम्रै जन्मभूमिमा केही गर्न सकिन्छ र गर्नुपर्छ, गरेर हुन्छ, हामी सबै मिल्नुपर्छ, सम्भावित भविस्य खोज्नुपर्छभन्ने मूल उद्देश्यका साथ यो क्याम्पस अगाडि ब ढिरहेको छ । यिनै आव श्यकता र उद्देश्यहरुलाई पूरा गर्नको लागि यही मिति २०१० साल फागुन ६ गतेदेखि १३ गतेसम्म भागवत भाष्कर पण्डित श्री कमल लयन गौतमज्यूको प्रमुख वाचकत्वमा **“श्रीमद्भागवत शैक्षिक ज्ञान महायज्ञ ”** सञ्चालन गर्न लागिएको छ। यो आर्थिक अभियान स्वरूपको शैक्षिक ज्ञान महायज्ञ सम्पन्न भइसकेपछि यस क्याम्पसकाभावी लक्ष्यहरू निम्नअनुसार देखाइएको छ।

- जग्गा व्यवस्थापन(Land Management)

-अध्ययन अध्यापन भवन(Academic Building)

-प्रशासनिक भवन(Administrative Building)

- छात्राबास भवन(Hostel for Boys and Girls)

-पुस्तकालय भवन(Library  Building )

-बहुउद्देश्यीय सभा हल(Multipurpose Hall

- प्रयोगात्मक भवन  (laboratory Building)

-खाजा खाना घर  (Canteen)

- खेलकुद प्राङ्गण (Play Ground)

-बस-कार पार्क (Bus-car parking)

-स्मृति पार्क बगैंचा (Memorial Park and Garden)

-प्रतिक्षालय (Waiting place)

- तारवार वा बाँध पर्खाल (Boundary for campus)

- यातायात व्यवस्थापन (Transport Management)

यी सबै आवश्यकताहरू पूरा गर्नको लागि सञ्चालन गरिने शैक्षिक ज्ञान महायज्ञमा निम्नअनुसारको मूल समारोह समिति र क्षेत्रअनुसार विभिन्न उप-समितिहरू गठन गरिएको छ। यी विभिन्न समितिहरूमा रहेर वा नरहे पनि कतिपय दानवीर महानुभावहरू हाम्रो अज्ञानताले समितिमा रहन छुट्नुभएको हुनसक्छ त्यसलाई पनि आत्मसाथ गरी सो महायज्ञ अवधिभर यज्ञस्थलमा उपस्थित भई मन, वचन, कर्मले सहयोग गरी महायज्ञ सफल पारिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

महायज्ञ मूल समारोह समिति